स्थानीय सरकार

# घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

पत्र संख्या -

चलानी नं- ४५०४

मिति-२०८२/१२/२५

**विषय- जानकारी सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
घोराही उप-महानगरपालिका, दाङ।

उपर्युक्त सम्बन्धमा यस उप-महानगरपालिकाबाट वडा नं.१ देखि १९ वटै वडामा चालु आ.व. २०८२/०८३ मा सञ्चालन भई कार्यान्वयन हुने नगरस्तरीय आयोजनाका सम्बन्धमा मिति २०८२/१२/११ गते १८९औं नगर कार्यपालिका बैठकको निर्णय नं.४ अनुसार ४० प्रतिसत बजेट कटौती गरी आयोना सञ्चालन गर्ने भन्ने निर्णय भएकाले सोही बमोजिम योजना कार्यान्वयन गर्नु गराउनु हुन तथा नगर कार्यपालिका बैठकको निर्णय नं.४ अन्तर्गतका सबै बुदाहरु कार्यान्वयन हुने गरी कार्यान्वय गर्ने आयोजनाको विवरण सहितको सूचि र लागत अनुमान तयार पारी पत्र प्राप्त भएको मितिले ३ दिन भित्रमा घोराही उप-महानगरपालिका पूर्वाधार विकास महाशाखामा पेश गर्नुहुन जानकारीका लागि अनुरोध छ । साथै मिति २०८२/१२/११ गते १८९औं नगर कार्यपालिका बैठकको निर्णयको प्रतिलिपि यसै साथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

**सादर अवगतार्थः**

श्री नगर प्रमुख ज्यू, - घोराही उप-महानगरपालिका, दाङ ।
श्री नगर उप प्रमुख ज्यू, - घोराही उप-महानगरपालिका, दाङ ।

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखा - घोराही उप-महानगरपालिका, दाङ ।
श्री योजना तथा अनुगमन शाखा - घोराही उप-महानगरपालिका, दाङ ।
श्री सूचना तथा प्रविधि शाखा - घोराही उप-महानगरपालिका, दाङ ।
वेबसाईटमा अपलोड गरिदिनुहुन ।

२०८२/१२/२५

ई. ओम जि.एम.
पूर्वाधार विकास महाशाखा प्रमुख

स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक नं. १८९

आज मिति २०८२।१२।११ गते बुधबार थारु संवत २६४९ घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १८९औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | मिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | रामबहादुर हमाल | सचिव | | |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १ | ओम जि.एम. | इन्जिनियर सातौं तह | | |
| २ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

नगरकार्यपालिका बैठक नं. १८९, मिति २०८२।१२।११ गते बुधबार थारु संवत २६४९

प्रस्तावहरु

१. चैते दशैको शुभकामना व्यक्त गर्ने सम्बन्धमा।
२. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा तथा निर्णय प्रति प्रमाणित गर्ने सम्बन्धमा।
३. आय व्ययको विवरण प्रस्तुत गर्ने सम्बन्धमा।
४. आयोजना कार्यान्वयन सम्बन्धमा।
५. स्थानीय तहको क्षेत्राधिकार बाहिर रहेर करारोपण नगरेको स्वघोषणा गर्ने सम्बन्धमा।
६. नगरसभाबाट योजना संशोधन तथा रकमान्तरमा भएका केही त्रुटी सच्याउने सम्बन्धमा।
७. फोरलेन सडकमा पर्ने सोलार पोल बत्ती हटाउन लागेको रकम भुक्तानी सम्बन्धमा।
८. बहुवर्षीय योजनाको रुपमा ठेक्का आव्हान गर्न अनुमती दिने। (पशु बधशाला)
९. योजनाको भुक्तानी दिने सम्बन्धमा। (संघीय शसर्त आयोजनाको)
१०. ठेक्काको म्याद थप सम्बन्धमा।
११. निजि जग्गाबाट ढुङ्गा माटो संकलन/उत्खननका लागि तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
१२. स्वीकृत कर्मचारी संगठन संरचना र दरबन्दी पददर्ताका लागि पठाउने सम्बन्धमा।
१३. मेला संचालनको म्याद थप गरी अनुमती दिने सम्बन्धमा।
१४. तराइ मधेश कार्यक्रम छनौट गर्ने सम्बन्धमा।
१५. विद्यालय व्यवस्थापन समितिको सदस्य चयन सम्बन्धमा। (सरयु आवि भैसकुर्मा)
१६. विद्यालय परिसर भित्र रहेका रुख कटानका लागि सहमती दिने सम्बन्धमा। (सिद्धरत्ननाथ मावि नारायपुर)
१७. नागरिक आरोग्य केन्द्र संचालन सम्बन्धमा।
१८. अ.न.मी. करार सेवामा लिने सम्बन्धमा।
१९. नगर प्रशासनीक भवन वरीपरी नाला तथा पर्खाल लगाउने सम्बन्धमा।
२०. अस्थायी प्रहरी चौकी हापुर शिवपुरको नाममा जग्गा श्रेष्ता कायमका लागि सिफारिस गर्ने किरिया खर्च सहयोग गर्ने सम्बन्धमा।
२१. श्री प्रा.वि. कर्जाहीको जग्गा सम्याउने सम्बन्धमा।
२२. आर्थिक सहयोग गर्ने सम्बन्धमा सम्बन्धमा।
२३. प्रदेश समपुरक तथा विशेषतर्फका आयोजना छनौट सम्बन्धमा।
२४. शोक प्रस्ताव पारित सम्बन्धमा।

नरुलाल चौधरी
नगर प्रमुख

२०८२।१२।११
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. १**

यस वर्षको चैते दशैंको उपलक्ष्यमा सबै नगरवासीहरुमा नगरप्रमुखज्यूको व्यक्तिगत तथा नगरकार्यपालिकाको तर्फबाट शुभकामना व्यक्त गरियो।

**निर्णय नं. २**

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो। साथै जेन्जी आन्दोलनको क्रममा जलेर नष्ट भएका नगर कार्यपालिका बैठक तथा नगरसभाको बैठकका निर्णयको हकमा वेवसाइटमा अपलोड गरिएका प्रति नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट त्यस्तै विषयगत समिति उपसमितिको निर्णयको हकमा विषयगत समितिका संयोजक वा सचिवबाट प्रमाणीत गरिएको प्रतिलाई मान्यता दिने निर्णय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको फागुन महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको विवरण माथि छलफल गरियो।

**तपसिलः**

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | १,२४,६७,१७,८३१.०० | ५४,६०,८५,८३१.५६ | ४३.८ | ७०,०६,३१,९९९.४४ |
| पूंजीगत | ९९,४०,८१,५००.०० | २०,५३,१७,९१३.०० | २०.६५ | ७८,८७,६३,५८७.०० |
| जम्मा | २,२४,०७,९९,३३१.०० | ७५,१४,०३,७४४.५६ | ३३.५३ | १,४८,९३,९५,५८६.४४ |
| आय | | | | |
| जम्मा | २,२४,०७,९९,३३१.०० | १,०६,६१,८५,९१७.७५ | ४७.५८ | १,१७,४६,१३,४१३.२५ |

**निर्णय नं. ४**

चालु आ.व.मा आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा नगरसभाबाट नगरस्तरीय आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा ४० प्रतिशत बजेट कटौती गरी आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिल**

१. चालु आ.व.मा विनियोजित बजेटबाट सम्पन्न हुन नसकी अर्को आर्थिक वर्षमा आर्थिक दायित्व पर्ने सामुदायिक भवन र कल्भर्ट निर्माण जस्ता आयोजनाहरु बहुवर्षिय आयोजनाको रुपमा प्याकेजमा ठेक्का आव्हान गरी कार्यान्वयन गर्ने। विनियोजित बजेटबाट सम्पन्न हुन सक्ने भएमा अन्य आयोजना कटौती गरी उक्त आयोजना सम्पन्न गर्ने । चालु आ.व.मा कटौती हुने आयोजना आगामी वर्षको बजेट तथा कार्यक्रममा प्राथमिकतासाथ समावेश गर्ने।

२. अन्य नगरस्तरीय आयोजनाको हकमा कुल विनियोजित रकमको ४० प्रतिशत वा हरेक आयोजनामा ४० प्रतिशत कटौती गरी कार्यान्वयन गर्ने। भुयारथान निर्माणमा विनियोजित बजेट कटौती नगर्ने।

३. हेभी इक्वीपमेन्ट प्रयोग हुने सबै आयोजनाहरु ठेक्का मार्फत गर्ने। २०% भन्दा बढी नागरिक लागत साझेदारीमा संचालन हुने गरी विनियोजित योजनाहरु लागत साझेदारी सुनिश्चित गरी ठेक्का आव्हान गर्ने।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

नेपालको संविधान, अन्तर सरकारी व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका कर तथा गैरमात्र कानुन बनाइ संकलन गरिएको स्वघोषणा गर्ने निर्णय गरियो।

निर्णय नं. ६

नगरसभाको १८औं अधिवेशनबाट चालु आ.व.मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा संशोधन तथा रकमान्तर गर्ने निर्णय बमोजिम संशोधन तथा रकमान्तर भएको केही योजना तथा कार्यक्रमहरुका सुत्र इन्ट्री गर्ने क्रममा त्रुटी भएकोले त्रुटी सच्याउन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

निर्णय नं. ७

घोराही तुलसीपुर सडक खण्ड अन्तर्गत घोराही उपमहानगरपालिकाको वडा नं. १० र ११ अन्तर्गत पर्ने फोरलेन सडकमा पर्ने सोलार बत्ती हटाउने कार्यका लागि कोटेशन मार्फत छनौट भएको लाइफ इनर्जी प्रा.लि. काठमाण्डौलाई उपमहानगरपालिकाको सार्वजनिक उपयोगिता शिर्षकबाट खर्च हुनेगरी भुक्तानी दिने।

निर्णय नं. ८

घोराही उपमहानगरपालिकाको नगरसभाबाट चालु आ.व.का लागि स्वीकृत योजना शीर्षक वडा नं. १४ पशु बधशालाकाव टोल भवन ढलान लगायतका अत्यावश्यक पूर्वाधार निर्माणमा बजेट रकम रु.३० लाख विनियोजन भएको र उक्त योजना सम्पन्न गर्न रकम रु.४८ लाख लागत अनुमान रहेको सन्दर्भमा उक्त आयोजनालाई आगामी आ.व.को बजेट तथा कार्यक्रममा बजेट सुनिश्चिता हुनेगरि बहुवर्षीय योजनाको रुपमा ठेक्का आव्हान गर्न पूर्वाधार विकास महाशाखालाई अनुमती दिने।

निर्णय नं. ९

यस कार्यालयको गत आ.व.को ठेक्का नं. NCB/WORKS/GSMC/07/081/082 दाङ जिल्ला घोराही उ.म.न.पा. ११ बगाले खोलादेखि शिवपुर स्कुल पश्चिम भएर जाने बाटो स्तरउन्नती र दाङ जिल्ला घोराही उ.म.न.पा. वाग्ले खोला उत्तरतर्फ प्रा.वि. शिवपुर पछांडीको सडक स्तरउन्नती योजना निर्माणका लागि चालु आ.व.को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) दाङ जिल्ला, घोराही उप-मनपा ११ रक्षाचौर आँखा अस्पताल, बगाले खोला-शिवपुर स्कुल पश्चिम सडक तथा वरपरको पूर्वाधार निर्माण योजनामा विनियोजन भएको रकम रु.४० लाखबाट आर्थिक व्ययभार हुनेगरी भुक्तानी दिने निर्णय गरियो।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर इसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १०

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/ GSMC/09/080/081 | चमैसोतामा कल्भर्ट निर्माण, वडा नं. ५ फुलबारी टोलमा भत्केको कल्भर्ट निर्माण, वडा नं. ५ त्रिवेणी टोलदेखि नमुनाको टोलको हवल्दार टोल छिर्ने बाटोको ह्युमपाइप राखेको स्थानमा कल्भर्ट निर्माण, घोराही रोलवाड स्वर्गद्वारी सडक अन्तर्गत साघुरो खोलामा कल्भर्ट निर्माण, वडा नं. ६ सरैयामा कल्भर्ट तथा पक्की कुलो निर्माण, लक्ष्वीर निमबहादुर चौधरीको घर नजिक पक्की कुलो निर्माण, वडा नं. ६ बचाहामा कल्भर्ट निर्माण, ग्याबिन जाली लगाउने र ह्युमपाइप साइफोन निर्माण। | श्री लुम्बिनी इन्जिनियरिङ वर्क्स प्रा.लि. बुटवल रुपन्देही | २०८१।०२।०६ | २०८१।१०।२८ | २०८३।०२।२८ (दोस्रो पटक म्याद थप) |
| २ | NCB/WORKS/ GSMC/07/081/082 | दाङ जिल्ला घोराही उ.म.न.पा. ११ बगाले खोलादेखि शिवपुर स्कुल पश्चिम भएर जाने बाटो स्तरउन्नती र दाङ जिल्ला घोराही उ.म.न.पा. बारले खोला उत्तरतर्फ प्रा.वि. शिवपुर पछाडीको सडक स्तरउन्नती | श्री एभलग्रिन कन्स्ट्रक्सन तुलसीपुर ३ दाङ | २०८१।११।२३ | २०८२।०३।२३ | २०८२।१२।२९ |

रामबहादुर इसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | NCB/WORKS/ CSMC/39/079/080 | मंलेरीदेखि गुर्जेखोला वडा नं. १२ को बसन्तपुर कृष्णपुरहुँदै साइपुर जोडने बाटो स्तरउन्नती | कुसल निर्माण सेवा लमही ७ | २०८०।०७।२४ | २०८१।०३।३० | २०८३।०१।१५ (दोस्रो पटक म्याद थप) |

निर्णय नं. ११

११.१ घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने दिनाराम भण्डारीको नाममा रहेको साविक लक्ष्मीपुर ३क कि.नं. ७६२ क्षेत्रफल ५४१।८१ वर्ग मिटर जग्गा खेतीयोग्य बनाउदा निस्कने ढुङ्गा  माटो ग्राभेल संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

११.२ घोराही उपमहानगरपालिका वडा नं. ९ दुविचौरा बस्ने राजपति चौधरीको नाममा रहेको साविक ढिकपुर ७ग कि.नं. ५८ क्षेत्रफल ०-२-० कट्ठा जग्गा सम्याउदा निस्कने ढुङ्गा  माटो ग्राभेल संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

११.३ घोराही उपमहानगरपालिका वडा नं. १८ बस्ने विर सिं डाँगीको नाममा रहेको साविक रामपुर ३घ कि.नं. ४३ क्षेत्रफल ३३८।५८ वर्गमिटर जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. १२

घोराही उपमहानगरपालिकाको नगरसभाबाट स्वीकृत कर्मचारी संगठन संरचना तथा दरबन्दी स्थानीय निजामती सेवा नियमावेली २०८१ को नियम २१ अनुसार तोकिएका कागजात सहित नियमावलीको अनुसूची-६को फाराम भरी सङ्ठन तथा पददर्ताका लागि लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी,
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १३

नेपाल घरेलु तथा साना उद्योग महासंघ जिल्ला शाखा दाङको आयोजनामा संचालनमा रहेको लुम्बिनी प्रदेश स्तरीय साना तथा घरेलु उद्योग साँस्कृतिक तथा कृषि महोत्सव २०८२ मिति २०८२।११।२८ गतेदेखि संचालनमा आएको मेला संचालन अवधीमा दुईपटक आँधीवेरी र पानीको कारण दर्शकहरुको उपस्थित निकै कम रहन गई महोत्सवलाई ठुलो आर्थिक क्षति हुन जाने देखिएको कारण देखाइ म्याद थपका लागि अनुरोध भई आएकोले मेला संचालनका लागि बुझाउनु पर्ने कर गैर कर लगायतका करहरु घोराही उपमहानगरपालिकालाई बुझाउने र शान्ति सुरक्षाको व्यवस्था जिल्ला प्रशासन कार्यालयमा लिइ यही मिति २०८३ वैशाष ५ गतेसम्म मेला संचालन गर्न अनुमती दिने निर्णय गरियो।

निर्णय नं. १४

तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको मिति २०८२।११।२५ गते प्रकाशीत आयोजना/कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आ.व. २०८३/०८४ का लागि यस उपमहानगरपालिकामा तपसिल बमोजिमका आयोजना संचालन गर्न तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८२ अनुसार तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्राथमिकता क्रम निर्धारण गरी माग गर्ने निर्णय गरियो।

तपसिलः

१. वडा नं. १ स्वास्थ्य चौकी भवन निर्माण -१ करोड
२. वडा नं. ४ गोग्ली स्कुलदेखि नगर अस्पतालसम्म सडक निर्माण -१ करोड
३. वडा नं. १२ सभाहल निर्माण -१ करोड

निर्णय नं. १५

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु रिक्त हुन गएकोले रिक्त रहेका पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५(पहिलो संशोधन)को दफा २०क को उपदफा (१) खण्ड (ग) मा भएको व्यवस्था अनुसार देहाय बमोजिमका महानुभावहरुलाई मनोनित गर्ने निर्णय गरियो।

देहायः

| सि.नं. | नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | हिमा के.सी. | श्री सरयु आधारभूत विद्यालय भैसकुर्मा |
| २ | लोक बहादुर खत्री क्षेत्री | |
| ३ | पार्वता सुवेदी | |
| १ | शिव श्रेष्ठ | श्री नवोदय बालकल्याण आधारभूत विद्यालय दक्षिण अम्राइ |
| २ | गोविन्द बुढामगर | |
| ३ | हरिकला वि.क. | |

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १६

सिद्ध रत्ननाथ माध्यमिक विद्यालय नारायणपुरमा सभाहल निर्माणका लागि लुम्बिनी प्रदेश सरकारबाट बजेट विनियोजन भएको सभाहल निर्माणका लागि विद्यालयको नाममा दर्ता श्रेष्ता कायम रहेको नारायणपुर ९ख कि.नं. २८९ मा हाल रुख रहेकोले उक्त रुख कटानीका लागि वन नियमावली २०७९ संशोधन सहितको नियम ३७को उपनियम १ मा रहेको व्यवस्था अनुरुप रुख कटानी गरी हटाउन डिभिजन वन कार्यालय नारायणपुरको मुल्याङ्कन बमोजिम हुनेगरी दिइएको अनुमती समर्थन गर्दै सहमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १७

लुम्बिनी प्रदेश सरकार र घोराही उपमहानगरपालिकाको संयुक्त सहकार्यमा आ.व. २०८१/८२ देखि सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्र संचालन हुँदै आएकोमा घोराही उपमहानगरपालिकाको मिति २०८२।०६।२४ गते बसेकौ १८०औं नगरकार्यपालिका बैठकको निर्णयानुसार प्रदेश सरकारसँगको सहकार्य मिति २०८२।०७।०१ गतेदेखि निरन्तरता नदिने भनि निर्णय भएको हाल संघीय सरकारको शसर्त अनुदान तर्फ नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान सञ्चालन र आयुर्वेद सेवा कार्यक्रम संचालन शिर्षकमा बजेट विनियोजित भएको हुँदा पुनः नागरिक आरोग्य सञ्चालन केन्द्र तथा अन्य आयुर्वेद सेवा कार्यक्रमहरु संचालन गर्ने त्यसका लागि कर्मचारी व्यवस्थापन घोराही उपमहानगरपालिकाभित्र रहेका स्थायी जनशक्ति प्रयोग गर्ने निर्णय गरियो।

निर्णय नं. १८

घोराही उपमहानगरपालिकालाई आ.व. २०८२/८३ का लागि शसर्त अनुदान तर्फ स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन शिर्षकमा विनियोजित रकम रु.१७,५६,०००।– मध्ये अस्पताल तथा प्रसुति केन्द्रहरुमा चौबिसै घण्टा प्रसुति सेवा सञ्चालन गर्न स्थाई जनशक्तिको कमि भएको स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन (करार अ.न.मी. नियुक्ति) शीर्षकमा विनियोजित बजेट रकम रु.११,८५,०००।-बाट खर्च हुनेगरी हाल घोराही उपमहानगरपालिका वडा नं. १९ सैघा स्वास्थ्य चौकीका लागि २ जना अ.न.मी. करार सेवामा लिने निर्णय गरियो।

निर्णय नं. १९

घोराही उपमहानगरपालिकाको बन्दै गरेको नगर प्रशासनिक भवन वरीपरी वर्षाको समयमा पानी निकासका लागि नाला निर्माण गर्नुपर्ने र वरीपरी पर्खाल निर्माण गर्नुपर्ने भएकोले उक्त निर्माण कार्यका लागि प्राविधिकबाट लागत अनुमान तयार गरी आगामी वर्षको बजेटमा बजेट सुनिश्चिता हुनेगरी बहुवर्षिय योजनाको रुपमा ठेक्का आव्हान गर्न पूर्वाधार विकास महाशाखालाई अनुमती दिने निर्णय गरियो।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख

२०८२।१२।११
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २०

घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. १६१३, मिति २०८२।१२।११ गतेको सिफारिस मिति २०८२।१२।११ गते बसेको नगरकार्यपालिका बैठकमा आवश्यक निर्णयार्थ पेश हुँदा वडा नं. ११ शिवपुर टोल विकास संस्थामा पर्ने शिवपुर चोक नजिकको साविक हापुर विजौरी ७ज को ऐलानी जग्गा (पुर्वमा ऐलानी जग्गा, पश्चिममा शिवनगर टोल विकास जाने बाटो, उत्तरमा प्रा.वि. शिवपुरको दर्ता जग्गा र दक्षिणमा ऐलानी जग्गा भएको करिब ५ कट्ठा) अस्थायी प्रहरी चौकी हापुर शिवपुरको नाममा दर्ता कायमका लागि नियमानुसारको प्रक्रिया बढाउन सिफारिससाथ अनुमति दिने निर्णय गरियो।

निर्णय नं. २१

घोराही उपमहानगरपालिका वडा नं. १७ स्थित श्री प्राथमिक विद्यालय कर्जाहीको नाममा दर्ता श्रेष्ता कायम रहेको हरिद्वार ५क कि.नं. ४३४को जग्गामा हाल खोला बगिरहेको हुँदा उक्त खोलाको धार परिवर्तन गरी जग्गा सम्याउने तथा थुप्रिएको ग्रावेल छर्री उठाउने सम्बन्धमा स्थलगत अध्ययन गरी उक्त कार्य गर्न मिल्ने/नमिल्ने सम्बन्धमा प्रतिवेदन पेश गर्न पूर्वाधार विकास महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २२

२२.१ घोराही उपमहानगरपालिका वडा नं. १९ सैघा निवासी सम्झना बि.क. र जुनमाया बि.क. को बुबाको यही मिति २०८२।१२।०३ गते मृत्यू भएको र उहाँहरुको आमाको समेत ४ वर्ष पहिले मृत्यू भइसकेको, उहाँहरुको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले उहाँहरुलाई बाबुको किरिया खर्च समेत नरहेकोले उहाँहरुलाई सहयोग स्वरुप रकम रु.१५,०००।– घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने। त्यसैगरी घोराही उपमहानगरपालिका वडा नं. ४ बस्ने केशव पुनको छोरी आकृति पुनलाई कडा निमोनिया भई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएको, उहाँको पारिवारिक आर्थिक अवस्था निकै कमजोर रहेकोले विरामीको उपचारको लागि अस्पतालमा खर्च भएको विल अनुसार अधिकतम रकम रु.१२,०००।–सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

२२.२ गोरक्ष पात्रदेवता श्री सिद्धरत्ननाथ देवीपाटन महायात्रा व्यवस्थापन तथा सञ्चालन समिति २०८२लाई गोरक्ष पात्रदेवता श्री सिद्धरत्ननाथ देवी पाटन महायात्रा कार्यक्रमका लागि सहयोग स्वरुप रकम रु.३०,०००।–(तिस हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

२०८२।१२।११
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. २३**

२३.१ प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि दोस्रो संशोधन २०८१ बमोजिम यस घोराही उपमहानगरपालिकाका लागि आर्थिक वर्ष २०८३/८४मा प्रदेश समपुरक अनुदानबाट संचालनका लागि तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने।

**प्रदेश समपुरक अन्तर्गतका आयोजनाहरुः**

१. घोराही २ रामपुर निमुरिया सडक निर्माण
२. घोराही धारापानी सडक निर्माण
३. घोराही १७ हरिद्वार चोकदेखि बर्गद्दीसम्म सडक निर्माण

२३.२ विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ बमोजिम आर्थिक वर्ष २०८३/८४का लागि प्रदेश विशेष अनुदान अन्तर्गत संचालन गर्न तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी कार्यविधिको अनुसुची १ बमोजिमको ढाँचामा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा प्रस्ताव पेश गरी पठाउने।

**प्रदेश विशेष अन्तर्गतका आयोजनाहरुः**

१. गुरौ, ढुंगा हान्ने र मुसोट खानेपानी आयोजना निर्माण
२. घोराही ९ चैनपुर खल्यानमा सामुदायिक भवन निर्माण
३. घोराही २ मा.वि. नयाँगाउँ बुकामा पुर्वाधार निर्माण

**निर्णय नं. २४**

घोराही उपमहानगरपालिकाका कार्यपालिका सदस्य मान बहादुर सुनारको बुवा स्व.भिम बहादुर सुनारको मिति २०८२।११।२३ गते ८५ वर्षको उमेरमा असामयीक निधन हुनुभएको खबरले घोराही उपमहानगरपालिका नगरकार्यपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखको घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

त्यसैगरी घोराही उपमहानगरपालिकाका कार्यपालिका सदस्य बसन्ता पोखेलको जेठी आमा स्व. चन्द्रकला घिमिरेको मिति २०८२।१२।०१ गते ९२ वर्षको उमेरमा असामयीक निधन हुनुभएको खबरले घोराही उपमहानगरपालिका नगरकार्यपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखको घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख